# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXII | DECEMBER 2022 | No. 12


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

**लूका १:२६-३३**

२६. छैटौं महिनामा परमेश्वरले गब्रिएल स्वर्गदूतलाई गालीलको नासरत नाउँको सहरमा पठाउनुभयो ।

२७. तिनी एउटी कन्ये-केटीकहाँ गए, जसको मगनी दाऊदका घरानाको योसेफ भन्ने एक जना मानिससँग भएको थियो । त्यस कन्याको नाउँ मरियम थियो ।

२८. स्वर्गदूतले तिनीकहाँ गएर भने, "हे कृपा-पात्र, तिमीलाई अभिवादन । परमप्रभु तिमीसँग हुनुहुन्छ ।"

२९. तर तिनी त्यस कुराले साह्रै विचलित भइन् र यो कस्तो किसिमको अभिवादन हो भनी मनमा सोच्न लागिन् ।

३०. स्वर्गदूतले तिनलाई भने, "नडराऊ, मरियम किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छयौ ।

३१. अब हेर, तिमीले गर्भधारण गर्नेछयौ र एउटा छोरो जन्माउनेछयौ र तिमीले उहाँको नाउँ येशू राख्नेछयौ ।

३२. उहाँ महान् हुनुहुनेछ र परमप्रधानका पुत्र कहलाइनुहुनेछ र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ ।

३३. उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ र उहाँको राज्यको अन्त्य हुनेछैन ।



# ख्रीष्टमसका आशिष्हरू

BLESSINGS OF CHRISTMAS!

पा. के.आर. राजासेकरण

संसारका धेरैजसोले पहिलो ख्रीष्टमस गुमाएका थिए । तिनीहरू त्यसमा जानकारी थिएनन् । त्यो भएको थियो भनेर तिनीहरूलाई थाहा थिएन, त्यो वास्तवमा भएको थियो भनेर तिनीहरूलाई थाहा भएन । तिनीहरूलाई त्यसको महत्वको बारेमा थाहा थिएन । पहिलो ख्रीष्टमा अत्यन्तै थोरै मानिसहरू थिए । अहिले, २००० वर्षपछि ख्रीष्टमस के हो भनेर सम्पूर्ण संसारलाई थाहा छ । सारा संसारभरि भएका खबौं मानिसहरू आराधना सेवाहरूमा जानेछन् र ख्रीष्टको जन्म मनाउनेछन् । मरियम, योसेफ, गोठालाहरू र ज्योतिषीहरू केही मानिसहरू थिए, जसलाई पहिलो ख्रीष्टमसको बारेमा थाहा थियो । तिनीहरूलाई के कुराले त्यस्तो विशेष बनाएको थियो कि तिनीहरू पहिलो हुने मौका पाए ? परमेश्वरले कसरी कसलाई छान्नुहुन्छ, जसलाई उहाँले आशिष् दिन लाग्नुभएको छ ? परमेश्वरले कसलाई छान्नुहुन्छ र प्रयोग गर्नुहुन्छ भन्ने बारेमा केही समय केवल सोच्नुभएको म चाहन्छु। तपाईंले मरियम र योसेफ, गोठालाहरू र ज्योतिषीहरूले गर्नुभएका काम गर्नुहुन्छ भने वास्तवमा परमेश्वरले तपाईंलाई आशिष् दिनुहुनेछ, तपाईंले त्यो अहिले नै गर्नुहुन्छ भने यो तपाईंको निम्ति पनि आशिषित ख्रीष्टमस हुनेछ । **किनभने जब तपाईंले त्यसमा हेर्नुहुन्छ, योसेफले सहकार्य गरे र गोठालाहरूले आनन्द मनाए र मरियमले परिकल्पना गरी र ज्योतिषीहरूले अभिषेक गरे । हामीले यसलाई एक-एक गरी मनन गरौं ।**

## १. योसेफले परमेश्वरको योजनाको साथमा सहकार्य गरे ।

**येशू ख्रीष्टको जन्म यस प्रकारले भयो: उहाँकी आमा मरियमको मगनी योसेफसँग भएको थियो तर उनीहरूको विवाह हुन अघि मरियम पवित्र आत्माद्वारा गर्भवती भएकी थाहा भयो । तर तिनका पति योसेफ धार्मिक मानिस भएका हुनाले तिनलाई शर्ममा पार्ने इच्छा नगरी तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे । तर जब उनले यी कुरा विचार गर्दै थिए, सपनामा परमप्रभुका दूत देखा गरे र उनलाई यसो भने, "योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ । तिनले एउटा पुत्र जन्माउनेछिन् र तिमीले उहाँको नाउँ येशू राख्नेछौ किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ ।" अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्: "हेर, एउटा कन्याले गर्भधारण गर्नेछिन् र त्यसले एउटा पुत्र जन्माउनेछिन् र उहाँको नाउँ इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग ।" योसेफ निद्राबाट ब्यूँझे**




बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....



"...यी मिश्रीहरू जसलाई तिमीहरूले आज देखेका छौ, उनीहरूलाई तिमीहरू फेरि कहिल्यै देख्नेछैनौ" (प्रस्थान १४:१३) ।

परमेश्वर हाम्रा पिताबाट तपाईंमाथि अनुग्रह र शान्ति । सन् २०२२ को समयभरि हामीलाई आशिष् दिनुहुने हाम्रो परमप्रभु परमेश्वर नयाँ वर्ष २०२३ भरि पनि तपाईंसँग हुनुहुनेछ ।

परमेश्वरको अनुग्रहद्वारा तपाईं आरामै हुनुहुन्छ भनेर हामीले आशा गर्छौं । हाम्रा निरन्तर प्रार्थना र निवेदनद्वारा हामीले तपाईंलाई उचालिरहेका छौं । आउँदा दिनमा परमेश्वरले निश्चय नै तपाईंको जीवनमा महान् काम गर्नुहुनेछ । आजै आश्चर्यकर्मको निम्ति उहाँमाथि विश्वास गर्नुहोस् ।

भारत र छिमेकी देशहरूमा सुसमाचार नपुगेका मानिसहरूमा पुग्नमा हामी अत्यन्तै व्यस्त छौं । यसै बीचमा महान् कटनीको निम्ति हामीले हाम्रा **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूलाई तयार हुन सुसज्जित गरिरहेका छौं । तिनीहरू खुसीसाथ अध्ययन गरिरहेका र फिल्ड तालिम गरिरहेका छन् । बाइबल कलेज आरम्भको निम्ति प्रार्थना र सहायता गरिरहनुभएको निम्ति तपाईंलाई धन्यवाद । कृपया निरन्तर त्यसो गरिदिनुहोस् । मेरो दक्षिण भारतमा हालैको भ्रमणको समयमा परमेश्वरको सेवकाइमा भएका हाम्रा केही सहकर्मीहरूसँग हाम्रो सम्बन्ध बलियो बनाउन हामी सक्षम भएका थियौं । तिनीहरूका सम्बन्धित क्षेत्रहरूमा निःशुल्क पुस्तक वितरण र सुसमाचारका पर्चाहरूका साथमा तिनीहलाई आशिष् दिन सक्षम भएका थियौं । हाम्रो **बोलावटको प्रतिध्वनि सुसमाचारीय छापाखाना** र साहित्य कर्मचारीहरूका निम्ति हामी परमेश्वरलाई धन्यवाद दिन्छौं । हामीले हरेक दिन राम्रो प्रतिक्रिया पाइरहेका छौं ।



*Our Residential Hindi Students*

हामीले विभिन्न स्थानहरूमा युवाहरूका निम्ति विशेष सेमिनारहरू संचालन गरेका थियौं । परमेश्वरले हाम्री बहिनी एन्जलीन सेल्भाकुमारी, रेभ. डा. सन्नी प्रसाद, रेभ. डा. आनन्द बाबु, आदिलाई प्रयोग गर्नुभयो ।

प्रिय मित्रहरू, यहाँ परमेश्वरको सेवकाइ गर्नु सजिलो कार्य होइन । हामीले हाम्रा कर्मचारीहरूका परिवारमा रोग, दुष्टको प्रत्यक्ष आक्रमणहरू, राजनैतिक शक्तिहरू, ख्रीष्टियान विरोधी




*Pr. Jacob Jeya Kumar, our Gospel Tract Distributor at Villuppuram town.*



*Bro. Solomon Manoharan, businessman, 99 K.M. Coffee Magic & Village Pastor, Mullaivanan, our BIBLECOR Bible Correspondence Course Graduate, Cheyyoor.*



*Pr. Jeba Daniel, Valliyoor town.*



*Pr. Stephen Karthik, Virudhunagar town.*

## हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

CHIEF EDITOR
Angeline Selvakumari Henry, M.A., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manager
EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Rev. Dr. K.R. Rajasekaran
Dr. A. Richard Samuel, M.A., Ph.D.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858
CORE LEADERS
Bro. K. Puratchivendan
Bro. A. Edward Durai
Bro. A. Alvin
Bro. K. Abraham
Sis. Dhanalakshmi Chinnaiah
E.mail ID
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) · BIBLECOR - Postal Courses (3 languages) · Online Courses · Theological Correspondence Courses (2 languages) · Church Planting · Nehemiah Bible Colleges · Gospel Printing Press · Great Commission Partners · St. Paul's Matriculation School · Crusades · Community Development



*Sis. Angeline Selvakumari*



*Rev. Dr. Sunny Prasad*



*Rev. Dr. Anand Babu*

तत्वहरू, आर्थिक कठिनाइ, आदिजस्ता व्याख्या गर्न नसकिने र पहिचान गर्न नसकिने दुष्ट शक्तिहरूको विरुद्धमा लड्नु परेको छ । वास्तवमा हामी कठिन अवस्थाहरूमा संघर्ष गरिरहेका छौं । हामी मात्रै होइन, परमेश्वरका सम्पूर्ण साँचो सेवकहरू एउटै डुङ्गामा यात्रा गरिरहेका छन् । तपाईंका प्रार्थना र सहायताबाट हामीलाई उचाल्न अगाडि आउने तपाईंजस्ता मानिसहरू नभएको भए हराइरहेका आत्माहरूकहाँ पुग्न अगाडि बढ्न हाम्रो निम्ति अत्यन्तै कठिन हुनेछ ।

त्यसैले, कृपया, यी काम गर्न अगाडि आउनुहोस्

(क) भारतमा र यसको नजिकै भएका देशहरूमा भएका साम्प्रदायिक भिन्नता भए पनि सम्पूर्ण मण्डलीहरू र परमेश्वरका सबै सेवकहरू र हाम्रो निम्ति **तपाईंको प्रार्थनाको समय वृद्धि गर्न ।**

(ख) पास्टरहरू, प्रचारकहरू, संगीतकारहरू, हाम्रो **सेन्ट मेट्रिकुलेसन स्कुलमा** शिक्षकहरू, हाम्रो **नहेम्याह बाइबल कलेजहरूमा** प्राध्यापकहरू, प्रशासनिक कर्मचारी, सुपरीवेक्षकहरू, प्राविधिक व्यक्तिहरू, आदिको रूपमा **बोलावटको प्रतिध्वनिमा परमेश्वरको सेवा गर्न ।**

(ग) प्रभुले तपाईंलाई अगुवाइ गर्नभएअनुसार **तपाईंको आर्थिक सहायता वृद्धि गर्न** किनकि हाम्रा कर्मचारीहरूका आधारभूत आवश्यकताहरूका निम्ति मागहरू, कागजको शुल्क, छाप्ने मसी, हुलाक, भवनको भाडाहरू, मर्मत, आदि अत्यन्तै धेरै वृद्धि भएका छन् ।

## क्षेत्रीय बैठकहरू

कोभिड १९ पछि आइतवार आराधना सेवाहरूमा मण्डलीका सदस्यहरूको कम सहभागितालाई हटाउनको निम्ति हामीले हरेक शुक्रवार साँझ ६:०० बजेदेखि ७:३० बजेसम्म हामीले क्षेत्रीय सदस्यहरूको बैठकहरू संचालन गरिरहेका छौं । हामीले उहाँसँग भेट्छौं र हाम्रो क्षेत्रीय अगुवाहरूको सहायतामा व्यक्तिगत रूपमा उहाँहरूका निम्ति प्रार्थना गर्छौं । हामी उहाँहरूलाई परिवारको रूपमा निम्त्याउँछौं र उहाँका समस्याहरू बाँड्न उहाँहरूलाई अनुमति दिन्छौं र उहाँहरूलाई उत्साह दिन्छौं । यो प्रयास अत्यन्तै सफल भएको छ किनकि अहिले हाम्रो मण्डलीका सहभागीहरू वृद्धि भइरहेका छन् । हाम्रो प्रभु येशू ख्रीष्टको पवित्र नाउँको प्रशंसा होस् ।

विगत वर्षको समयमा सानो तरिकामा जात, वर्ण र धर्मका वाबजूत हामीले कोभिड १९ बाट प्रभावित भएका गरिब मानिसहरूलाई सहायता गर्न सक्षम भएका थियौं । अहिले पनि सामान्य मानिसहरू कोभिड १९ को पछिल्लो खराब प्रभावहरू र अन्य रोगहका कारण सताइएका छन् । मेडिकल र शैक्षिक सहायताप्रति गरिब र सीमान्तकृत मानिसहरूलाई सहायता गर्न हामीलाई केही रकमको आवश्यकता परेको छ। यस्ता आवश्यकतामा उपलब्ध गर्न



तपाईंजस्ता केही मानिसहरूलाई अगाडि ल्याउन हामी परमेश्वरमा प्रार्थना गरिरहेका छौं । यो साझा आवश्यकतामा भाग बन्न प्रभुले तपाईंलाई अगुवाइ गर्नुहुन्छ भने तपाईंले यो उद्देश्यको निम्ति **बोलावटको प्रतिध्वनि शैक्षिक ट्रष्टको** पक्षमा चेक वा डिमान्ड ड्राफ्ट पठाउन सक्नुहुन्छ (हामी तपाईंलाई भारतीय चन्दादातालाई दिइने आम्दानी कर ऐनको दफा ८०जीको अधीनमा कर छुट रसिद दिनेछौं) । **बोलावटको प्रतिध्वनि शैक्षिक ट्रष्ट** सरकारी अधिकारप्राप्त समाजसेवी संस्था हो ।

हामी तपाईं र तपाईंका आवश्यकताहरूका निम्ति प्रार्थना गर्छौं । परमेश्वरले तपाईंलाई धेरै आशिष् देऊन् र नयाँ वर्ष २०२३ मा नयाँ शक्ति, सामर्थ्य, बुद्धि र दीर्घकालीनताले अगाडि बढ्न सक्षम बनाऊन् ।

**परमप्रभुले तिमीहरूलाई आशिष् दिऊन् र तिमीहरूलाई रक्षा गरून् । परमप्रभुले आफ्नो मुख तिमीहरूमाथि चम्काऊन् र तिमीहरूलाई अनुग्रह गरून् । परमप्रभुले आफ्नो चेहरा तिमीहरूमाथि प्रकाश गरून् र तिमीहरूलाई शान्ति दिऊन्** (गन्ती ६:२४-२६) ।

थियौं । परमेश्वरले त्यसमा आशिष् दिनुभयो ।

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858,

E.mail : samselvaraj333@gmail.com

*पृष्ठ १ बाट*

**र परमप्रभुका दूतले उनलाई भनेबमोजिम उनले मरियमलाई आफ्नी पत्नीको रूपमा स्वीकार गरे** (मत्ती १:१८-२४) ।

योसेफको साथमा हामीले सुरु गरौं । योसेफलाई अत्यन्तै कम आँकलन गरिएको छ र ख्रीष्टमसको कथामा प्रायः बेवास्ता गरिएको चरित्र हो । उनी कथामा सहायता गर्ने प्रकारका छन् । हामीलाई तिनको बारेमा धेरै कुरा थाहा छैन । तर योसेफ केवल साधारण व्यक्ति, युवा र गरिब थिए । तिनीसँग पैसा छैन, सम्भवतः उनी अत्यन्तै सानो गाउँमा सानो काम गर्ने गर्छन् । तिनको मगनी भएको थियो भन्ने कुराबाहेक हामीलाई तिनको बारेमा थाहा भएको कुरा त्यत्ति नै हो । योसेफ मरियमसँग मगनी भएपछि तिनी पवित्र आत्माबाट गर्भधारण भएकी कुरा थाहा भएको थियो ।

मित्रहरू, यो कुरा तपाईंसाग भयो भने के तपाईंले यो विश्वास गर्नुहुन्छ ? त्योचाहिँ अहिलेसम्म दिइएको सबैभन्दा हाँसोउठ्दो, शर्मनाक अवैधानिक कथा हो । तर त्यो सत्य हो । अहिले, यो योसेफमाथि जाँच हो । अनि बाइबलले भन्दछ, योसेफ धर्मी मानिस थिए र आफ्नी हुन लागेको पत्नीलाई शर्ममा पार्न चाहदैनथे । तिनले कथामाथि विश्वास गरेनन् तर यहाँ बाइबलले के भन्दछ त । अध्याय एकमा योसेफ असल मानिस थिए र तिनले सार्वजनिक रूपमा मरियमलाई शर्ममा पार्न चाहेनन्, त्यसैले तिनले गुप्तमै तिनलाई सम्बन्धविच्छेद गर्ने योजना गरे भनेर हामीले पढ्छौं । **तर तिनका पति योसेफ धार्मिक मानिस भएका हुनाले तिनलाई शर्ममा पार्ने इच्छा नगरी तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे** (मत्ती १:१९) । ती दिनहरूमा मगनी विवाहजस्तै हुन्थ्यो । त्यो बाँध्ने सम्झौता हुन्थ्यो । तपाईंले मात्रै मगनीलाई तोड्न सक्नुहुन्नथ्यो । तपाईंले मगनी तोड्न सम्बन्धविच्छेद गर्नुपर्थ्यो । त्यसैले तिनले उनलाई गुप्तमै सम्बन्धविच्छेद गर्ने योजना गरे । तर स्वर्गदूत तिनीकहाँ समपना देखा परे । अनि जब योसेफ उठे, परमप्रभुको स्वर्गदूतले तिनलाई आज्ञा गर्नुभएबमोजिमको काम गरे । अनि तिनले मरिमयलाई

आफ्नी पत्नीको रूपमा घरमा ल्याए। **योसेफ निद्राबाट ब्यूँझे र परमप्रभुका दूतले उनलाई भनेबमोजिम उनले मरियमलाई आफ्नी पत्नीको रूपमा स्वीकार गरे** (मत्ती १:२४)। सबैभन्दा असम्भव, अनुपयुक्त कथा विश्वास गर्न र तिनले कल्पना गरेकोभन्दा तिनको जीवनको लागि सबैभन्दा ठूलो र असल योजना परमेश्वरसँग थियो भनेर विश्वास गर्न ठूलो विश्वास चाहन्थ्यो।

हामीले ध्यान दिनुपर्ने पहिलो बुँदा यहाँ छः परमेश्वरले तपाईंलाई आशिष् दिएको तपाईंले चाहनुहुन्छ, परमेश्वरको आशिष् तपाईंको व्यापार, तपाईंको विवाह, तपाईंको सम्बन्ध, तपाईंको मित्रता, तपाईंको आर्थिक अवस्थामा भएको तपाईंले चाहनुहुन्छ भने योसेफले गरेको काम तपाईंले गर्नुपर्छ र तपाईंको जीवनको निम्ति परमेश्वरको योजनासँग सहकार्य गर्नुपर्छ र तपाईंको जीवनको निम्ति तपाईंका योजना पछ्याउन रोक्नुपर्छ। योचाहिँ योसेफको जीवनको सम्पूर्ण रूपमा फर्किको अवस्था हो। तिनले आफ्नो पूरै जीवन मरियमसँग योजना गरेका थिए। तर परमेश्वरको योजना ठूलो र असल थियो। तपाईंको जीवनको निम्ति परमेश्वरको योजनासँग तपाईंले सहकार्य गर्नुहोस्, त्यसले कुनै अर्थ नराखे पनि। त्यसले पछि मात्रै अर्थ राख्छ।

प्रिय मित्रहरू, परमेश्वरसँग ठूलो योजना छ। बाइबलले भन्दछ, **"किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु," परमप्रभु भन्नुहुन्छ। "ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई"** (यर्मिया २९:११)। परमेश्वरले भन्नुहुन्छ, मैले के गरिरहेको छु भनेर मलाई थाहा छ। मैले के गरिरहेको छु भनेर मलाई थाहा छ, मैले ती सबै योजना गरिसकेको छु। तपाईंको वास्ता गर्ने असल योजनाहरू, तपाईंलाई हानि गर्ने होइन। परमेश्वर असल परमेश्वर हुनुहुन्छ। मेरा योजनाहरूले तिमीलाई भविष्यको निम्ति तिमीलाई आशा दिनेछ। के तपाईं परमेश्वरमाथि भरोसा गर्नुहुन्छ वा के तपाईं आफैंमाथि भरोसा गर्नुहुन्छ ? के तपाईं परमेश्वरको योजनामा भरोसा गर्नुहुन्छ वा के तपाईंले आफ्नै योजनामा भरोसा गर्नुहुन्छ ? तपाईंले आफ्नो जीवनमा परमेश्वरको आशिष् चाहनुहुन्छ भने तपाईंले आफ्नो जीवनको निम्ति परमेश्वरको योजनासँग सहकार्य गर्नुपर्छ। त्यसकारण, योसेफ पहिलो ख्रीष्टमसमा हुन पाएका थिए। त्यसैले, योसेफले झैं हामीले पनि आफ्नो जीवनको निम्ति परमेश्वरको योजनासँग सहकार्य गर्नुपर्छ।

## २. गोठालाहरूले आनन्द मनाए

**तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ। आज दाऊदको सहरमा तिमीहरूका निम्ति एक जना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ"** (लूका २:१०-११)। गोठालाहरू सामाजिक भऱ्याङको तल्लो अवस्थामा छन्। रोमी साम्राज्य र नयाँ करारको समयमा तिनीहरू निकाला गरिएका मानिसहरू थिए। तिनीहरू भेडाझैं गन्हाउँथे, बन्धनमा परेका, दुर्गन्धित र भिजेका थिए। कसैको जन्मदिमा निम्त्याइने सामान्य पाहुनाहरू गोठालाहरू थिएनन् किनभने तिनीहरूको उपस्थितिले स्थान गन्हाउँथ्यो। समाजमा तिनीहरू कम आदरणीय व्यक्ति थिए। तापनि परमेश्वर उच्च स्थानबाट तल्लो स्थानमा जानुभयो र आफ्नो पुत्रको जन्ममा तिनीहरूलाई निम्त्याउनुभयो। ब्वाँसाहरू र अन्य आक्रमण गर्ने जीवहरूबाट आफ्ना भेडाहरूलाई बचाउन हरेक रात तिनीहरू घाँसमा सुतिरहेका थिए। बाइबलले यस्तो भन्दछ, मध्यरातमा स्वर्गदूत देखा परे र अचानक रातको आकास उज्यालो भयो र स्वर्गदूतहरूले गोठालाहरूलाई भने, "नडराओ। मैले तिमीहरूका लागि अत्यन्तै आनन्दको असल समाचार ल्याएको छु।" हरेक पटक स्वर्गदूतहरू प्रकट हुँदा उसले नडराओ भनेर सुरु गर्नुपर्थ्यो किनभने तपाईंले तिनीहरूमध्ये कसैलाई देख्नुभयो भने तपाईं अत्यन्तै भयभित हुनुहुनेछ। बडो आनन्दको असल खबर, जुन सबै मानिसहरूका निम्ति हुनेछ। ख्रीष्टमस भनेको ख्रीष्टियानहरूका निम्ति मात्रै होइन। यो सबै मानिसहरूका निम्ति हो।

येशू केवल केही मानिसहरूका निम्ति आउनु र मर्नुभएन तर सबैका निम्ति गर्नुभयो। यो सबै मानिसहरूका निम्ति असल समाचार हो। अनि तिनले भने, आज



दाऊदको सहरमा एक जना मुक्तिदाता तिमीहरूका निम्ति जन्मनुभएको छ। त्यो तिम्रो लाभको निम्ति हो र उहाँ ख्रीष्ट प्रभु हुनुहुन्छ। गोठालाहरू बेथलेहेमतिर दौडिए। हामीले पढ्छौं र **तिनीहरू आतुरीसँग गए र मरियम र योसेफ दुवैलाई र बालकलाई चाहिँ डूँडमा सुतिरहेका भेट्टाए। जब तिनीहरूले यो देखे, तब यस बालकको विषयमा जे कुरा तिनीहरूलाई भनिएको थियो, त्यो तिनीहरूले बताइदिए। गोठालाहरूले बताएको कुरा सुन्नेहरू सबै आश्चर्यचकित भए** (लूका २:१६-१८)। गोठालाहरू हतारिएर बेथलेहेम गए र तिनीहरूले त्यहाँ मरियम र योसेफ र बच्चालाई भेट्टाए, जो डूँडमा

....Contd. to page 6

NEHEMIAH BIBLE
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
Medium : Hindi / Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 53 years
Certificate in Theology : One year
Diploma in Theology : Two years
Qualification : 10th Standard & above
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ONLINE CLASSES ARE AVAILABLE ★

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

डिसेम्वर १९: हाम्रो सुसमाचारीय छापाखाना र अनुभवी कर्मचारीहरूका साथमा निरन्तर कार्य गरिरहेको निम्ति ।

डिसेम्वर २०: सबै प्रकारका दुष्टताबाट हाम्रो सिनियर पास्टर र उहाँका परिवारका सदस्यहरूका सुरक्षाको निम्ति ।

डिसेम्वर २१: हाम्रा सबै सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

डिसेम्वर २२: सुसमाचारको साथमा सुसमाचार नपुगेका क्षेत्रहरूमा प्रवेश गर्न अनुग्रहपूर्वक सहायता गर्नुभएको निम्ति ।

डिसेम्वर २३: आवश्यकतामा परेका मानिसहरूको सेवा गरिरहनको निम्ति हाम्रा सेन्ट मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सको लागि ।

डिसेम्वर २४: हाम्रा सहसम्पादकहरू, संयोजकहरू र उहाँका परिवारहरूका निम्ति ।

डिसेम्वर २५: हामी सबैलाई बचाउनको निम्ति संसारको मुक्तिदाता येशू ख्रीष्ट जन्मनुभयो ।

डिसेम्वर २६: कोरोना भाइरसको संक्रमण घटिरहेको छ ।

डिसेमवर २७: हाम्रा कर्मचारीहरूको परिवारहरूमा उहाँको आशिष् वर्षिरहेको छ ।

डिसेम्वर २८: मिसनमा काम गर्ने कर्मचारीहरूको महान् समर्पणता ।

डिसेम्वर २९: यो वर्षभरि सम्पूर्ण ख्रीष्टियान संस्थाहरूको सहज संचालनको निम्ति ।

डिसेम्वर ३०: यो वर्षभरि ईश्वरीय सुरक्षाको साथमा परमेश्वरका सेवकहरूमाथि आशिष्को निम्ति ।

डिसेम्वर ३१: यो वर्ष २०२२ का सम्पूर्ण आवश्यकताहरू आश्चर्यजनक रूपमा पूरा भएको निम्ति ।

जनवरी १: सबै पाठकहरू र संसारभरि भएका मानिसहरूमा वर्ष २०२२ भरि शान्ति भएको निम्ति र नयाँ वर्ष २०२३ मा प्रवेश गरेको निम्ति ।

जनवरी २: परमेश्वरले हाम्रो मुख्य र शाखा मण्डलीहरूमा अधिक विश्वासीहरूका साथमा आशिष् दिनुभयो ।

जनवरी ३: २०२३ को निम्ति असल प्रतिज्ञाहरूका साथैमा सम्पूर्ण मण्डलीहरू र विश्वासीहरूमाथि आशिष्को निम्ति ।

### कृपया प्रार्थना गरौं...

जनवरी ४: बोलावटको प्रतिध्वनिको मिडिया सेवकाइको निम्ति भिडियो क्यामेराको उपलब्धताको निम्ति ।

जनवरी ५: सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सका प्रधानाध्यापक, शिक्षकहरू, विद्यार्थीहरू र कर्मचारीहरूका निम्ति ।

जनवरी ६: संसारभरि भएका सबै ख्रीष्टियान शैक्षिक संस्थाहरूको असल प्रतिष्ठा कायम भएको निम्ति ।

जनवरी ७: सबै परिवारहरूमा शान्ति फैलिएको होस् ।

जनवरी ८: संसारमा भएका मानिसहरू नयाँ रोगहरूबाट बचेका र असल स्वास्थ्यमा आनन्द गरून् ।

जनवरी ९: संसारभरि भएका व्यक्तिहरूको आम्दानी सुधार भएको होस् ।

जनवरी १०: सम्पूर्ण मण्डलीहरूमा दुष्ट शक्तिहरू विरुद्ध ईश्वरीय सुरक्षा भएको होस् ।

जनवरी ११: संसारमा भएका सबै नेताहरू ईश्वरीय बुद्धिले भरिएका होऊन् र मानिसहरूको हीतप्रति काम गरून् ।

जनवरी १२: सम्पूर्ण मण्डलीहरू र ख्रीष्टियान संस्थाहरू वैधानिक रूपमा सरकारसँग दर्ता हुन सकून् ।

जनवरी १३: युवाहरूका बीचबाट हिंसा र हत्याका दुष्ट आत्मा हटून् र तिनीहरू पवित्र आत्माले भरिएका होऊन् ।

जनवरी १४: देशहरूका बीचमा शान्ति र आर्थिक विकासको निम्ति प्रार्थना गरौं ।

जनवरी १५: हाम्रो बोलावटको प्रतिध्वनिको बहुसंख्यक सेवकाइहरूमा आशिष्को निम्ति प्रार्थना गरौं ।

जनवरी १६: ख्रीष्टियानहरूले परमेश्वरको वचन पालन गरून् र ख्रीष्टजस्तै चरित्रका होऊन् ।

जनवरी १७: नयाँ वर्ष २०२३ मा पनि पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूमाथि परमेश्वरको शक्तिशाली हात रहेको होस् ।

जनवरी १८: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारका सदस्यहरूमाथि आशिष्को निम्ति प्रार्थना गरौं ।

*....Contd. from page 4*

सुतिरहनुभएको थियो । अनि तिनीहरूले उहाँलाई हेरिसकेपछि तिनीहरू प्रशंसाका गीतहरू गाउँदै र परमेश्वरलाई धन्यवाद दिँदै आफ्नो बगालमा फर्किए। तिनीहरूले पार्टी गरिरहेका छन्। स्वर्गदूतले तिनीहरूलाई भनेबमोजिम नै भइरहेको देखेर र सुनेर तिनीहरूले प्रशंसाका गीतहरू गाइरहेका छन्, तिनीहरूले परमेश्वरलाई धन्यवाद दिइरहेका छन्। तिनीहरूले आनन्द मनाइरहेका थिए। योसेफले सहकार्य गर्नुपरेको थियो तर गोठालाहरूले आनन्द मनाए। तिनीहरूले पार्टी गरिरहेका छन् । ख्रीष्टमस उत्सव हो, यो अन्त्येष्टी होइन । त्यसकारण, हामीले ख्रीष्टमसको शुभकामना दिन्छौं ।

ख्रीष्टको जन्म आनन्दको असल समाचार हो, जुन सबै मानिसहरूका निम्ति हो । आज दाऊदको सहरमा तिमीहरूका निम्ति एक जना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ । **त्योचाहिँ असल समाचार हो ।** तपाईंको पापको क्षमा तपाईंले पाउन सक्नुहुन्छ। तपाईं जीवनको निम्ति उद्देश्य पाउन सक्नुहुन्छ । ख्रीष्टमसको कारण तपाईंले स्वर्गमा स्थान पाउन सक्नुहुन्छ। यो आनन्दको अवसर हो। अब हामीले यहाँ ध्यान दिनुपर्ने दोस्रो बुँदा रहेको छ। तपाईं आशिषित बन्न चाहनुहुन्छ भने तपाईंले गोठालाहरूले भैं आनन्द मनाउनुपर्छ किनभने परमेश्वर हामीसँग हुनुहुन्छ । ख्रीष्टमसको समयमा मानिसहरूले हरेक थोक मनाएका कुरा हेर्नु भयानक कुरा हो। त्यहाँ हरेक प्रकारका ख्रीष्टमस पार्टीहरू हुनेछन् र येशूलाई कहिल्यै पनि उल्लेख गरिएको हुँदैन। तर ख्रीष्टमसको आनन्दको सम्पूर्ण उद्देश्यचाहिँ परमेश्वर हामीसँग हुनुहुन्छ भन्ने हो । उहाँ पृथ्वीमा आउनुभयो, हामील ब्रम्हाण्डमा एक्लो छैनौं । हाम्रो जीवनको निम्ति उहाँमा योजना र उद्देश्य छ। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र उहाँले हामीलाई क्षमा दिनुहुन्छ र हाम्रो जीवनको निम्ति उहाँमा योजना छ।

गोठालाहरूले आनन्द मात्रै मनाएका छैनन् तर तिनीहरूले संचार पनि गरेका थिए । तिनीहरूले हरेक जनासँग असल समाचार बाँडेका थिए भनेर बताइएको छ । तपाईंले कसैलाई असल समाचार सुनाएको कति लामो समय भइसकेको छ ? के तपाईंले कसैलाई संसारमा भएको सबैभन्दा असल समाचार बताउनुभएको छ ? असल समाचार, हामीले पापको क्षमा छ, हाम्रो जीवनको लागि उद्देश्य छ र स्वर्गमा हाम्रो स्थान छ। येशूमाथि विश्वास गर्ने र उहाँलाई स्वीकार गर्ने जोकोहीलाई पनि यो उपलब्ध छ। मित्रहरू, के तपाईंले असल समाचार बाँड्नुभएको छ? गोठालाहरूले आफ्नो सम्पर्कमा आएका हरेक जनालाई असल समाचार बताएका थिए भनेर पवित्रशास्त्रले बताउँछ । त्यसैले, तिनीहरूले आनन्द मनाए र योसेफले सहकार्य गरे। गोठालाहरूभैं परमेश्वर यहाँ हामीसँग हुनुहुन्छ भनेर आनन्द मनाऔं र अरूसँग मुक्तिको असल समाचार बाँडौं ।

## ३. मरियमले परिकल्पना गरी

**जब तिनीहरूले यो देखे, तब यस बालकको विषयमा जे कुरा तिनीहरूलाई भनिएको थियो, त्यो तिनीहरूले बताइदिए । गोठालाहरूले बताएका कुरा सुन्नेहरू सबै आश्चर्यचकित भए । तर मरियमले यी सब कुरा गुन्दै मनैमा राखिन्** (लूका २:१७-१९) ।



मरियम १३ वर्षकी बालिका थिइन् तर तिनको योसेफसँग विवाह हुनुभन्दा अघि नै गर्भवती भएकी पाइएको थियो । उनको योसेफसँग मात्रै मगनी भएको थियो । उनले परमेश्वरको पुत्रलाई बोकिरहेकी थिइन्। कसैले पनि त्यो विश्वास गर्न लागेका थिएनन्। तर मरियम आत्तिएकी थिइनन्। अनि उनी नआत्तिनुको कारणचाहिँ उनको निम्ति परमेश्वरको प्रतिज्ञाहरूका बारेमा उनले सोचिरहेकी थिई। अनि जब योसेफले सहकार्य गरे र गोठालाहरूले आनन्द मनाए, मरियमलेचाहिँ परिकल्पना गरिरहेकी थिई । उनले परमेश्वरको वचनको बारेमा सोचिरहेकी थिइन्। "त्यसपछि गोठालाहरूले के भएको थियो र स्वर्गदूतले यो बच्चाको बारेमा के भनेको थियो भनेर हरेक जनालाई बताए। गोठालाहरूको कथा सुन्ने हरेक जना चकित भए तर मरियमले सुनेका सबै कुराहरू मनैमा राखिन् र उनको हृदयमा ती निरन्तर शान्त भएर विचार गरिन।" अरू युवतीहरूमध्येबाट परमेश्वरले मरियमलाई आशिष् दिन छान्नुभयो, जसलाई उहाँले परमेश्वरको पुत्रको आमा हुन छान्न सक्नुहुन्थ्यो किनभने उनले परमेश्वरको वचनमा ध्यान दिइन् । जब परमेश्वर बोल्नुभयो, उनले सुनिन्। उनले केवल सुनिनन्, उनले याद गरिन्, विचार गरिन् र उनले मन नगरिन्। उनले निरन्तर शान्त भएर हरेक थोकमाथि विचार गरिन्। स्वर्गदूतले भनेका कुरा हरेक जनाले सुने र तिनीहरू चकित भए तर मरियमले विचार गरिन् । ठूलो भिन्नता, मित्रहरू। तपाईं वचनको व्यक्ति हुनुहुन्छ भने तपाईंले विश्वास नगर्नुभएको तरिकामा उहाँले तपाईंलाई आशिष् दिन सक्नुहुन्छ। तपाईं संसारको व्यक्ति हुनुहुन्छ भने आशिष्को निम्ति कुनै स्थान छैन किनभने तपाईंले वचनको बारेमा सोचिरहनुभएको छैन, तपाईंले संसारको बारेमा, सांसारिक मामिलाहरूका बारेमा सोचिरहनुभएको छ।

तपाईं मरियमजस्तै आशिषित हुन चाहनुहुन्छ भने तपाईंले निरन्तर परमेश्वरको वचनमा परिकल्पना गर्नैपर्छ । बाइबलले भन्दछ, उनले आफ्नो मनमा परमेश्वरले भन्नुभएका कुराहरू शान्त भएर निरन्तर विचार गरिन्। परमेश्वरको वचनमा निरन्तर परिकल्पना गर्नुहोस्। अब, यो स्त्रीको निम्ति मात्रै दिइएको प्रतिज्ञा होइन। वचन प्रेम गर्ने, सिक्ने हरेक जनाको निम्ति यो प्रतिज्ञा हो। **तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ** (याकूब १:२५) ।

तपाईंलाई स्वतन्त्र पार्ने परमेश्वरको सिद्ध वचन तपाईंले ध्यानपूर्वक अध्ययन गर्नुहुन्छ भने सत्यले तपाईंलाई स्वतन्त्र पार्नेछ। यसले भन्ने हरेक थोक तपाईंले गर्नुहुन्छ भने तपाईंले आशिष् पाउनुहुनेछ । तपाईंले आफ्नो घरमा बाइबल राखेर वा तपाईंको काम गर्ने टेबलमा राखेर परमेश्वरबाट तपाईंले आशिष् पाउन सक्नुहुन्न तर तपाईंले वचन पढेर, अध्ययन गरेर, कण्ठ गरेर, मनन गरेर, विचार गरेर, लागु गरेर र भनेको थोक गरेर मात्रै आशिष् पाउनुहुन्छ । तपाईंले यसलाई निरन्तर रूपमा पछ्याउनुहुन्छ भने तपाईं आशिषित बन्नुहुनेछ। **व्यवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस् तर त्यसमाथि तैले दिनरात ध्यान गर्नू अनि त्यसमा लेखिएका सबै कुरा होसियारीसाथ पालन गर्नू र तेरा सबै मार्गहरूमा तैले उन्नति गर्नेछस् र सफलता पाउनेछस्** (यहोशू १:८) । त्यसैले, यसले भन्दछ, वचन कण्ठ गर्नु, अध्ययन गर्नु, मनन गर्नु र पालन गर्नुपर्छ । त्यसपछि तपाईं समृद्ध हुनुहुनेछ र तपाईं सफल हुनुहुनेछ। त्यो परमेश्वरको प्रतिज्ञा हो। परमेश्वर मानिस हुनुहुन्न ताकि उहाँले झुट बोल्नुपर्छ।

तपाईंले जति धेरै परमेश्वरको वचन पछ्याउनुहुन्छ, त्यति धेरै तपाईंको जीवनमा परमेश्वरले सफलता ल्याउन सक्नुहुन्छ । उहाँले भन्नुहुन्छ कि तपाईंले चाहनुहुन्छ भने पवित्रशास्त्रमा समृद्धि र सफलताको प्रतिज्ञा त्यही मात्रै हो । योचाहिँ परमेश्वरको वचन विचार गर्ने, परिकल्पना गर्ने र गर्ने कुरामा बाँधिएको छ ।

## ४. ज्योतिषीहरूले अभिषेक गरे

**अनि घरभित्र पसेर तिनीहरूले बालकलाई उहाँकी आमा मरियमको साथमा देखे र घोप्टो परेर उहाँलाई दण्डवत् गरे । तब आफ्‍ना कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धित धूप र मूर्रका भेटी चढाए** (मत्ती २:११) ।

ज्योतिषीहरू इराक वा इरानबाटका शाही सल्लाहकारहरू र ज्योतिषहरूजस्ता थिए, जुनचाहिँ बेबिलोनी साम्राज्य वा मादी साम्राज्यका थिए । दानिएललाई ज्योतिषी हुन तालिम दिइएको थियो । पूर्वका ज्योतिषीहरू वा ज्ञानी मानिसहरू पृथ्वीमा भएका सबैभन्दा शिक्षित मानिसहरू थिए । तिनीहरू वैज्ञानिकहरू, थिए, तिनीहरू विद्वानहरू थिए । तिनीहरू ज्योतिषशास्त्र, स्वास्थ्य, भाषाहरू र साहित्यमा सिपालु थिए । तिनीहरू त्यो समयमा अत्यन्तै बुद्धिमान, सबैभन्दा शिक्षित मानिसहरू थिए । अब, यी मानिसहरू गोठालाहरूभन्दा ठीक विपरीत मानिसहरू थिए । यी मानिसहरू पूर्वबाट बेथलेहेममा यात्रा गरेका बुद्धिमान मानिसहरू थिए ।

अब, इराक, इरान, पर्सिया वा बेबिलोनबाट बेथलेहेममा यात्रा गर्न अत्यन्तै धेरै पैसाको आवश्यकता हुन्थ्यो । तर तिनीहरू धनी थिए र तिनीहरूलाई धेरै समयको आवश्यकता थियो । तर तिनीहरूले त्यसो गरे किनभने त्यो बौद्धिक खोज थियो । तिनीहरूले आकासमा तारा देखेका थिए । अिन तिनीहरूले पवित्रशास्त्र अध्ययन गरेका थिए र तिनीहरूले पाण्डुलिपीहरू अध्ययन गरेका थिए, तिनीहरूले परम्पराहरू अध्ययन गरेका थिए, संसारको मुक्तिदाता बेथलेहेममा जन्मनुहुनेछ भन्ने योचाहिँ चिन्ह हो । त्यसैले समय र पैसाको ठूलो खर्चमा तिनीहरूले बेथलेहेमतिर यात्रा गरेका थिए । तिनीहरूले सत्यताको खोजी गरिरहेका थिए, तिनीहरूले परमेश्वरको खोजी गरिरहेका थिए, जुन काम गर्नुचाहिँ सधैं सबैभन्दा बुद्धिमानी काम हो ।

प्रिय मित्रहरू, के तपाईंले सत्यताको खोजी गरिरहनुभएको छ ? छ भने येशूलाई निम्त्याउनुहोस् । तपाईंलाई स्वीकार गर्न उहाँ तयार हुनुहुन्छ । येशूकहाँ आउनको निम्ति तपाईंले कुनै विशेष थोक गर्नुपर्दैन, तपाईंजस्तो हुनुहुन्छ, आउनुहोस् । ज्योतिषीहरूले अझै येशूलाई खोजिरहेका छन् । ज्योतिषीहरूले सबै येशूको खोजी गर्छन् । केवल मूर्खले मात्रै उहाँको खोजी गर्दैन । मूर्खहरू बिना तयारी अगाडि बढ्छन् र अनिवार्य थोकको सामना गर्छन्, विशेष गरी मृत्यु ।

जब ज्योतिषीहरूले बालकलाई उहाँकी आमा मरियमको साथमा देखे, तिनीहरूले उहाँलाई दण्डवत गरे र उहाँको आराधना गरे । **अनि घरभित्र पसेर तिनीहरूले बालकलाई उहाँकी आमा मरियमको साथमा देखे र घोप्टो परेर उहाँलाई दण्डवत् गरे । तब आफ्‍ना कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धित धूप र मूर्रका भेटी चढाए** (मत्ती २:११) ।

ध्यान दिनुहोस्, तिनीहरू मरियमको अघि दण्डवत गरेनन् र नता आराधना गरे । तिनी कोठामा भित्रै थिइन् । तिनीहरूले येशूलाई दण्डवत गरे र आराधना गरे । तयसपछि तिनीहरूले आफ्‍ना खजानाका बाकस खोले र सुन र धूप र मूर्रको उपहारको साथमा उहाँलाई प्रस्तुत गरे । येशूले आफ्‍नो जीवन र मृत्यु र पुनरुत्थानको समयमा हाम्रो निम्ति गर्नुहुने कामको चिन्हको प्रतिनिधित्व यी हरेक तीन वटा उपहारले गरेको थियो । **अनि सपनामा परमेश्वरबाट चेतावनी पाएर ज्योतिषीहरू भिन्दै बाटोबाट घर फर्किए ।** येशूसँग तपाईं हुनुभएको कुनै पनि समय, त्यसले तपाईंको दिशा परिवर्तन गर्छ, त्यसले तपाईं हिँड्ने तरिका परिवर्तन गर्छ । यसले तपाईंले काम गर्ने तरिका परिवर्तन गर्छ । हाम्रो जीवनमा परमेश्वरजस्तो

*....Contd. to page 9*


## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहृखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन** । यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ । यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ । १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ । तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
**Echo of His Call,** Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्‍नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

## परमेश्वरले कमजोरको प्रार्थनाको जवाफ दिनुहुन्छ GOD ANSWERS THE PRAYER OF THE WEAK!

१०.०८.१९६९ देखि परमेश्वरको अनुग्रहद्वारा, मैले सेवकाइका तालिम, पर्चा वितरण, प्रार्थना भेलामा अगुवाइ र मण्डलीहरूमा वचन सेवकाइको साथमा आफ्नो सुसमाचारीय सेवकाइ सुरु गरें।

परमेश्वरको सेवकको रूपमा मलाई कमैले चिन्थे किनभने म युवा थिएँ र सो क्षेत्रमा नयाँ थिएँ। त्यसका साथै सेवकाइमा निरन्तरता दिन मेरो निम्ति सबैभन्दा ठूलो बाधा आर्थिक पाटो थियो। त्यसकारण, हरेक दिन म धेरै माइल हिँड्नुपर्थ्यो र मेरो सेवकाइलाई निरन्तरता दिन्थें। त्यसकारण, लामो हिँडाइ र भोकमरी मेरो सेवकाइको भाग र उपहार थियो। सेवकाइ गर्न र सेवकाइको निम्ति सामाग्रीहरू किन्न आर्थिक कुराको अत्यन्तै ठूलो आवश्यकता थियो।




मेरो सेवकाइको सुरुवातदेखि नै मेरा कुनै साथीहरू र आफन्तहरूबाट कुनै प्रकारको सहयोगको निम्ति अपील नगर्ने ममा बलियो दृढता थियो। किनभने परमेश्वरले उहाँको कामको निम्ति उपलब्ध गर्नुपर्थ्यो किनकि उहाँले मलाई बोलाउनुभएको थियो। आज पनि यही सिद्धान्तमा रहिरहन परमेश्वरले मलाई सहायता गर्नुहुन्छ। यही सिद्धान्त पछ्याउँदै मैले अवर्णनीय कठिनाइ र चुनौतिहरू पूरा गर्नुपरेको थियो।

विशेष अवस्थामा पनि व्यवस्थापन गर्न नसक्ने अवस्थासम्म म मानसिक र शारीरिक रूपमा प्रभावित भएको थिएँ। मेरो आफन्त श्रीमान स्वर्णराजले मलाई यातायात विभागमा सरकारी जागिर मिलाइदिने कोसिस गर्नुभयो र पालापाल्लाम, माथिकोडमा भएका परमेश्वरका जन कालेब र मेरो एक जना मित्रले मलाई व्यक्तिगत पर्ममा जागिर मिलाइदिने कोसिस गरे। ती दुवै जनाको प्रयास व्यर्थ भयो।



त्यस्तो अवस्थामा जब म १७.०५.१९७१ म उपवास बसिरहेको थिए, परमप्रभुको आत्माले मलाई स्थायी जागिरको निम्ति प्रार्थना गर्न अगुवाइ गर्नुभयो। प्रार्थनाको परिणामस्वरूप, मैले यी वचनका साथमा बलियो निश्चयता प्राप्त गरें, "एक महिनाभित्र म तँलाई स्थायी जागिर दिनेछु र तँ त्यसमा जिउन सक्नेछस्।" पवित्रशास्त्रले यसरी भन्दछ, **परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। हामीले प्रार्थनामा जेसुकै मागे पनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं, त्यो हामीलाई प्राप्त भएको छ** (१ यूहन्ना ५:१४,१५)। मैले नयाँ जागिर प्राप्त गर्छु भनेर विश्वास गर्दै, मैले सोही काममा जान हरेक सम्भव तयारी गरें। मेरा क्रियाकलापहरू देख्ने धेरैले मेरो मानसिक अवस्थाको बारेमा शंका गर्न सुरु गरे। तर ती कुराको बारेमा वास्ता नगरी मैले परमेश्वरमाथि पूर्णरूपमा विश्वास गरें।



दिनहरू बित्दै गयो, हरेक दिन म व्यग्रताका साथ हुलाकीको आशा गर्न थालें। पूरै महिना बितेपछि म ठीक १८.०६.१९७१ मा म प्रभुमाथि विश्वासमा हुलाक कार्यालय गएँ। हुलाकी नेल्लाइअप्पनले मलाई देख्ने बित्तिक्कै मेरो निम्ति केही पनि थिएन भनेर इशारा गर्नुभयो। तापनि परमेश्वरको प्रतिज्ञामा रहँदै म त्यहाँ केही बेर बसें र प्रार्थना गरिरहें। केही मिनेट भित्रै मलाई आश्चर्यचकित पार्दै सोही हुलाकीले भन्नुभयो, "साम, तपाईंले दर्ता गरिएको पत्र पाउनुभएको छ, यहाँ दस्तखत गर्नुहोस् र त्यो लिनुहोस्।"



त्यो पत्र खोल्दा, त्यसमा टिएनपीएससी कार्यालय, चेन्नाइले श्रम विभागमा जान अपोइन्टमेन्ट पत्र थियो भनेर मैले पाएँ। केही वर्षअघि मैले दिएको लिखित परीक्षाको परिणाम थियो। त्यो मेरो निरन्तरको थियो। हो, प्रार्थना अचम्मको आत्मिक हतियार हो।



*My co-workers when I left my Government job - 1994*







*Farewell by Mr. A. Shenbagam B.E., Chief Inspector of Factories with my co-workers at the time of leaving my Government job in 1994*

म खुसीसाथ चेन्नाइ आएँ र जागिरमा गएँ । जागिरबाटको मेरो तलबको ठूलो भाग मेरो सेवकाइमा लगानी भएको थियो । पछि सन् १९९४ मा परमप्रभुले मलाई पूर्णकालीन सेवकाइको निम्ति सरकारी जागिर त्याग्न आज्ञा गर्नुभयो र मैले उहाँको बोलावटको पालन गरें र पूर्णकालीन सेवकाइमा प्रवेश गरें । हाम्रो परमेश्वर असल हुनुहुन्छ । उहाँ ठीक समयमा काम गर्नुहुन्छ । उहाँमा बलियो गरी रहनुहोस् । तपाईंले सफलता पाउनुहुनेछ ॥ उहाँले आज पनि तपाईंलाई शक्तिशाली रूपमा हेरिरहनुभएको छ ।

**जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ** (यशैया २६:३) ।

*पृष्ठ ७ बाट*

ठूलो कोही पनि हुन सक्दैन र हामीलाई परिवर्तन गर्न सक्दैन । तपाईंको जीवनमा परमेश्वर हुनुहुन्छ भनेर तपाईंले विचार गर्नुहुन्छ र त्यसले तपाईंलाई परिवर्तन गरेको छैन भने तपाईं अरू कुनै थोक पाउनुभएको छ तर परमेश्वर होइन । किनभने परमेश्वर अत्यन्तै महान् हुनुहुन्छ, तपाईंको दिशा परिवर्तन नभएसम्म उहाँ तपाईंको जीवनमा आउन सक्नुहुन्न ।

येशूकहाँ आउन ज्योतिषीहरूले ठूलो मोल तिर्नुपरेको थियो । तर जब तिनीहरूले उहाँलाई देखे, तिनीहरूले उहाँको आराधना गरे । **अनि चौथो पाठ यहाँ छ, तपाईं आशिषित हुन चाहनुहुन्छ, तपाईंको जीवनमा तपाईं आशिषित हुन चाहनुहुन्छ भने तपाईं ज्योतिषीजस्तै हुनुपर्छ, त्योचाहिँ यही हो, तपाईंको समय र वरदानहरू येशूकहाँ समर्पण गर्नुहोस् ।** तिनीहरूले येशूकहाँ उपहारहरू ल्याएका थिए । तपाईंको जीवनमा पाउनुभएका हरेक थोकहरू कुनै पनि प्रकारले उहाँबाट तपाईंलाई दिइएको थियो । परमेश्वरबिना तपाईंले केही पनि तपाईंसँग हुनेथिएन । उहाँले तपाईंलाई दिनुभएको थोक केवल उहाँलाई फिर्ता दिनु हो र त्यसपछि उहाँले त्यो लिनुहुन्छ र त्यो गुणा गर्नुहुन्छ र त्यसलाई फिर्ता गर्नुहुन्छ । "आफैंलाई जिउँदो बलिदानको रूपमा परमेश्वरमा अर्पण गर्नुहोस्, समर्पित गर्नुहोस्, उहाँको सेवामा र उहाँलाई प्रसन्न पार्ने समर्पित शब्द ।" **यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर** (रोमी १२:१) । त्यसैले, हाम्रो समय र हाम्रो जीवन र हाम्रा वरदानहरू येशूकहाँ समर्पित गरौं ।

**आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर । तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैंलाई परमेश्वरकहाँ दिइहाल र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर** (रोमी ६:१३) । त्योभन्दा अधिक बुद्धिमान अरू केही पनि हुन सक्दैन । अन्तसम्म नरहने केही कुरामा आफैंलाई नदिनुहोस् । अन्तसम्म रहिरहने केही कुरामा आफैंलाई दिनुहोस् । परमेश्वरको असल उद्देश्यहरूका निम्ति प्रयोग हुन उहाँको हातमा साधन हुन आफ्नो हरेक भाग परमेश्वरमा पूर्णरूपमा देऔं ।

## तपाईंले येशूलाई के कुरा दिन लाग्नुभएको छ ?

तपाईंले यो अवसरको समयमा अन्य मानिसहरूलाई दिन उपहारहरू किन्दै आफ्नो धेरै समय र विचार र पैसा खर्च गर्न लाग्नुभएको छ । तपाईंले ख्रीष्टमसको निम्ति हाम्रो प्रभु येशूलाई के दिन लाग्नुभएको छ ? तपाईंले जन्मदिनको पार्टी कल्पना गर्न सक्नुहुन्न, जहाँ जन्मदिनको केटोको निम्ति बाहेक हरेक जनाले एकले अर्कालाई उपहारहरू दिन्छन् । यो वर्ष ख्रीष्टमा तपाईंले दिने सबैभन्दा महत्वपूर्ण उपहारचाहिँ येशूकहाँ आफैंलाई पूर्णरूपमा दिने हो । तपाईंले येशूलाई दिन सक्ने सबैभन्दा राम्रो उपहारचाहिँ उहाँको निम्ति तपाईंको सम्पूर्ण प्रेम, तपाईंको भरोसा र तपाईंको ध्यान हो । उहाँले तपाईंका कुनै पनि उपहारहरू खुसीसाथ स्वीकार गर्नुहुन्छ ।

ज्योतिषीहरूले ख्रीष्टमसको उपहार दिने परम्परा सुरु गरेका थिए । तिनीहरूले येशूलाई उपहारहरू ल्याएका थिए । अनि अहिले हामीले एकले अर्कालाई उपहार दिन्छौं । तर उपहार दिने कुराचाहिँ आएको थियो किनभने परमेश्वरले संसारलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्रलाई दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् । परमेश्वरले पहिलो ख्रीष्टमस उपहार दिनुभयो ।

**अब यी चार थोकहरू, योसेफले सहकार्य गरे र गोठालाहरूले आनन्द मनाए, मरियमले वचनलाई परिकल्पना गरिन् र ज्योतिषीहरूले येशूलाई आफ्ना उपहारहरूले अभिषेक गरे । मित्रहरू, तपाईंले के गर्नुपर्छ भनेर निर्णय गर्नुहोस् र परमेश्वरबाट आशिषित हुनुहोस् र आशिष् हुनुहोस् ।**

************

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

**निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर**

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th DECEMBER 2022**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**